# News Release

**American Center, Embassy of the United States**
Yak & Yeti Complex (West Wing), Kathmandu. Tel: 444-5577
२०६४ जेठ ३०

**मानव बेचबिखन नियन्त्रणमा नेपाल सरकारको ध्यानाकर्षण**

नेपाल सरकारले मानव बेचबिखन निवारणका लागि प्रशस्तै प्रयासहरु गरिरहेको छ, तर यसको निवारणका लागि चाहिने न्यूनतम स्तर अझै प्राप्त गरिसकेको छैन । अमेरिकी विदेश मन्त्रालयले जेठ २९ गते वाशिङ्गटन डी.सी. मा सार्वजनिक गरेको मानव बेचबिखनसम्बन्धी सातौं वार्षिक प्रतिवेदनबाट यो कुरा अगाडि आएको हो ।

प्रतिवेदन सार्वजनिक गर्ने क्रममा विदेशमन्त्री कोन्डोलिजा राइसले भन्नुभयो, "मानव बेचबिखन वर्तमान युगको दासप्रथा हो, जसले विश्वभरिका समुदाय र परिवारहरुलाई तहसनहस बनाउँछ । विश्वका विभिन्न देशहरुले यो कुरा बुझ्दै छन् । यो प्रतिवेदनको उद्देश्य जागरुकता बढाउनु हो, उत्कृष्ट अभ्यासहरुमाथि प्रकाश पार्नु हो र सरकारहरुलाई बेचबिखनविरुद्ध कार्य थाल्न प्रेरित गर्नु हो । "

संयुक्त राज्य अमेरिकाको कानुनअनुसार विदेश मन्त्रालयले हरेक वर्ष मानव बेचबिखनसम्बन्धी प्रतिवेदन निकाल्छ । यसको उद्देश्य वर्तमान युगको दासप्रथा विरुद्धको लडाईंका लागि काम गर्न र अन्तर्राष्ट्रिय साझेदारीको निर्माण गर्न प्रेरित गर्नु हो । बेचबिखन पीडितको संख्या हेरेर देशहरुलाई पहिलो देखि तेश्रो दर्जासम्ममा राखिएको छ । यसको परिभाषाका लागि हेर्नुहोस् - www.state.gov/g/tip

नेपाल यसको दोश्रो दर्जामा परेको छ । यसको अर्थ नेपालले पर्याप्त प्रयासहरु गरेको भएतापनि बेचबिखन नियन्त्रणको आधारभूत न्यूनतम स्तरमा पुग्न नसकेको भन्ने बुझिन्छ । राजनीतिक अस्थिरता र सीमित स्रोतसाधनका कारण बेचबिखनविरुद्धका नीति-नियमको प्रभावकारी कार्यान्यवन प्रक्रिया अवरुद्ध भएको छ । उक्त प्रतिवेदनका अनुसार, एक दशक लामो विद्रोहको परिणामस्वरूप ग्रामीण भेगमा सरकारका स्थानीय निकाय अनुपस्थित हुदा सरकारी सक्षमता पर्याप्त नभएर बेचबिखनको जोखिम बढिरहेको छ । यसका बावजूद नेपालले बेचबिखन गर्नेहरुको सजायका लागि क्रियाशील रहूदै महिला प्रहरी सेलको संख्यामा विस्तार गरेर २४ वटा पुऱ्यायो । तर नेपाल सरकारले यी महिला सेलहरुमा पर्याप्त कर्मचारी तथा बजेट पुऱ्याउन सकेन, जसका कारण यी सेलहरुको प्रभावकारिता न्यून रहेको छ । अनिच्छित नोकरीका लागि बाध्य पार्न कामदारलाई झुक्याएर विदेशमा श्रमभर्ती गराउनेहरूलाई अपराधीका रूपमा अदालतमा मुद्दा चलाउन र उपयुक्त सजाय गर्नका लागि पनि नेपालले यथेष्ट प्रयास देखाउन सकेन ।

प्रतिवेदनको पूर्णपाठ www.state.gov/g/tip मा उपलब्ध छ । प्रतिवेदनको नेपाल सम्बन्धी अंश यसै प्रेस रिलिजसाथ संलग्न छ ।

########